# मनाङ डिस्याङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

हुम्दे, मनाङ

## ढुङ्गा, गिट्टी र बालुवा उत्खनन् तथा संकलन कार्यका लागि बोलपत्र आह्वानसम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८०/०४/०३)**

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ११ को उपदफा २ घ (६) मा भएको व्यवस्था तथा मनाङ डिस्याङ गाउँपालिकाको मर्स्याङ्दी नदी, सञ्जे खोला, चौवी खोला र थोराङ खोलाबाट दिगोरुपमा ढुङ्गा, गिट्टी र बालुवा उत्खनन् तथा संकलन कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनअनुसार देहायको शीर्षकमा राजस्व असुलीसम्बन्धी काम आ.व. २०८०/८१ का लागि ठेक्काद्वारा गराउन यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित मितिको एकतीसौं दिनको १२:०० बजेभित्र कानूनी प्रक्रिया पुरा गरेका योग्य फर्म, कम्पनी तथा व्यक्तिहरुले यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक लिमिटेड मनाङ शाखामा रहेको आन्तरिक राजस्व खाता नं. 35601003010100002 मा बोलपत्र दस्तुरबापतको रकम रु ३०००।- (तीन हजार रुपैयाँ) नगद जम्मा गरेको भौचर वा यस कार्यालयमा सो रकम बराबरको नगदी रसिद पेश गरी बोलपत्र फाराम खरिद गरेर सोही सिलबन्दी बोलपत्र यस कार्यालयमा पेश गर्न यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

| सि.नं. | सूचना नं./ बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिणाम (घन फिट) | न्यूनतम बोलपत्र रकम (सेवाशुल्क र मू. अ. कर बाहेक) | धरौटी | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १. | ०१/आन्तरिक आय/२०८०/८१ | टंकी मनाङ (थोराङ खोला किनार) | ३,५३,१४५ | २४,७२,०१५।- (चौबिस लाख बहत्तर हजार पन्ध्र रुपैयाँ मात्र) | बोलपत्र जमानतबापत कुल कबोल अंकको ५ प्रतिशत वा कम्तीमा १२० दिन म्याद भएको बैंक जमानत | ३,०००।- |
| २. | | टंकी मनाङ (मर्स्याङ्दी नदी किनार) | ११,६५,३८० | ८१,५७,६६०।-(एकासी लाख सन्ताउन्न हजार छ सय साठी रुपैयाँ मात्र) | | ३,०००।- |
| ३. | | मर्स्याङ्दी नदी र चौवी खोला दोभान (दायाँ किनार) | ६७,०९५ | ४,६९,६६५।- ( चार लाख उनन्सत्तरी हजार छ सय पैंसठी रुपैयाँ मात्र) | | ३,०००।- |
| ४. | | मर्स्याङ्दी नदी किनार तलेखु | ६७,०९५ | ४,६९,६६५।- (चार लाख उनन्सत्तरी हजार छ सय पैंसठी रुपैयाँ मात्र) | | ३,०००।- |
| ५. | | सञ्जे खोला | ३,४६,०८० | २४,२२,५८६।- (चौबिस लाख बाइस हजार पाँच सय छयासी रुपैयाँ मात्र) | | ३,०००।- |

**बोलपत्र खरिद गर्दा पेश गर्नुपर्ने कागजातहरु**

१. मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र २) २०७८/७९ सम्मको करचुक्ता प्रमाणपत्र ३) व्यवसाय दर्ता प्रमाणपत्र ४) व्यक्ति भएमा नागरिकताको प्रमाणपत्र

**ठेक्कासम्बन्धी सर्तहरु :-**

१. माथि उल्लेखित ठेक्काको बोलपत्र खरिद गरी सोही छुट्टै भरी पेश गर्नुपर्नेछ। एउटा बोलपत्रदाताले एक वा एकभन्दा बढी बोलपत्र दाखिला गर्न सक्ने छ। बोलपत्र भर्दा कुल कबोल रकम अंक र अक्षर दुवैमा स्पष्टरुपमा भर्नुपर्नेछ। यदि अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ। आय ठेक्कामा जुन कबोलकर्ताको बढी हुन्छ सोही कबोलकर्ताको बोलपत्र स्वीकृत गरिनेछ।

२. कबोल गरेको अंकको धरौटीबापत ५ प्रतिशत रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक लिमिटेड मनाङ शाखामा रहेको धरौटी खाता नं. 3560100303000002 मा नगद दाखिला गरेको संकलन भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिनसम्म म्याद कायम भएको बैंक जमानत बोलपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ। धरौटीबापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गरिने छैन। बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित कानूनबमोजिम फिर्ता गरिनेछ।

३. बोलपत्र दिंदा कुनै किसिमको सर्त मान्य हुने छैन, साथै रीत नपुगी आएको बोलपत्रउपर कुनै कारवाही हुने छैन।

४. सिलबन्दी बोलपत्र पेश गर्दा राजस्व दाखिला गरेको बैंक भौचर वा नगदी रसिद, धरौटी दाखिला गरेको बैंक भौचर वा बैंक जमानत, चालु आ.व.सम्मको नवीकरण भएको कम्पनी इजाजतपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र आ.व. २०७८/७९ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपिसमेत संगै पेश गर्नुपर्नेछ।

५. बोलपत्र दाता कुनै फर्म वा कम्पनिको प्रतिनिधि भएमा उक्त कम्पनीको आधिकारिक व्यक्तिको मन्जुरीनामा साथै पेश गर्नुपर्नेछ।

६. बोलपत्र फाराम यस सूचना प्रकाशित भएको तीसौं दिनसम्म खरिद गरी एकतीसौं दिनको १२.०० बजेभित्र यस कार्यालयमा दाखिला गरिसक्नुपर्ने छ र सोही दिनको १:०० बजे यस गाउँपालिकाको कार्यालय हुम्दे-४, मनाङमा खोलिनेछ।

७. अन्य थप सर्तहरु बोलपत्र फाराममा उल्लेख गरिने छ।

**नि. प्रमुख प्रशासकीय अधिकृत**